श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२६ सालको ऐन नं. १७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।

### जाँचबुझ आयोगको गठन र सो सम्बन्धी अरू व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना– सार्वजनिक महत्वको कुरामा जाँचबुझ गर्न जाँचबुझ आयोगहरूको गठन र त्यस्तो आयोगहरूको अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "जाँचबुझ आयोग ऐन, २०२६" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "आयोग" भन्नाले दफा ३ बमोजिम गठन भएको जाँचबुझ आयोग सम्झनु पर्छ ।

२८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "प्रमाण" भन्नाले सरजमीन समेतलाई सम्झनु पर्छ ।

३. आयोगको गठनः– (१) सार्वजनिक महत्वको कुनै कुराको जाँचबुझको लागि कुनै जाँचबुझ आयोगको गठन गर्न बाञ्छनीय देखिएमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो आयोगको गठन गर्न सक्नेछ ।

(२) आयोगमा श्री ५ को सरकारद्वारा नियुक्त एक वा एकभन्दा बढी सदस्यहरू रहनेछन् । एकभन्दा बढी सदस्यहरू रहेकोमा श्री ५ को सरकारले तोकेको सदस्य आयोगको अध्यक्ष हुनेछ ।

४. आयोगको काम, कर्तव्य र अधिकारः– (१) आयोगले गर्नु पर्ने काम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकी दिए बमोजिम हुनेछ ।

(२) उप-दफा (१) बमोजिमको सूचनामा कुनै खास अवधि तोकिएकोमा सो अवधिभित्र र त्यस्तो अवधि नतोकिएकोमा उचित अवधिभित्र जाँचबुझको काम सम्पन्न गरी श्री ५ को सरकारको समक्ष त्यस सम्बन्धमा आफ्नो ठहर राय सहितको प्रतिवेदन पेश गर्नु आयोगको कर्तव्य हुनेछ ।

(३) आयोगलाई देहायका कुरामा प्रचलित नेपाल कानून बमोजिम अदालतले पाए सरहको सबै अधिकार हुनेछः–

(क) कुनै व्यक्तिलाई आयोगको समक्ष उपस्थित गराई बयान लिने,

(ख) कुनै व्यक्तिलाई कुनै लिखत पेश गर्न आदेश दिने,

(ग) प्रमाण बुझ्ने, र

(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने ।

(४) उप-दफा (३) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन, कुनै लिखत पेश गर्न लगाउन वा कुनै प्रमाण बुझ्न आयोगले उचित सम्झे बमोजिमको म्याद तोक्न सक्नेछ ।

(५) उप-दफा (३) मा उल्लेख भएका अधिकारहरूका अतिरिक्त आयोगले आवश्यकतानुसार देहायका अधिकारहरूको पनि प्रयोग गर्न सक्नेछः–

(क) जाँचबुझको विषय सम्बन्धी कुनै वस्तु वा लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने आयोगलाई विश्वास हुने कारण भएमा प्रचलित नेपाल कानूनका अधिनमा रही त्यस्तो व्यक्ति वा स्थानको तलासी लिने वा कुनै राजपत्रांकित अधिकृतद्वारा त्यस्तो व्यक्ति वा स्थानको तलासी लिन लगाउने र फेला परेमा त्यस्तो वस्तु वा लिखत कब्जा गर्ने वा गर्न लगाउने वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल लिने वा लिन लगाउने, र

२४६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (क) र उप-दफा (३) मा उल्लेख भएको अधिकारको प्रयोगसंग सम्बन्धित प्रचलित नेपाल कानून बमोजिमको अन्य अधिकारहरूको प्रयोग गर्ने ।

५. साक्षीले आयोगका समक्ष बकेको कुरा निजका विरूद्ध प्रमाण नलाग्ने:– कुनै व्यक्तिले साक्षीको रूपमा आयोगका समक्ष बकेको कुनै कुरालाई लिएर निजका विरूद्ध कुनै मुद्दा वा कानूनी कारवाई चलाइने छैन । त्यस्तो कुरा कुनै अर्को मुद्दामा निजका विरूद्ध प्रमाण पनि लगाइने छैन ।

तर, कुनै व्यक्तिले आयोगको समक्ष बकेको कुनै कुरा आयोगले सोधेको प्रश्नसंग सम्बन्धित नभएमा वा जाना जानी झुट्टा बकेको कुरा प्रमाणित भएमा सो कुराका आधारमा प्रचलित नेपाल कानून बमोजिम निज उपर मुद्दा वा कानूनी कारवाई चलाउन वा सो कुरा निजका विरूद्ध प्रमाणमा लगाउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

६. आयोगको अवहेलना:– यस ऐन बमोजिम गठित आयोगले आफ्नो अवहेलनामा कारवाई चलाउन सक्नेछ र आयोगको अवहेलना ठहराएमा रू. ५००।–सम्म जरिवाना गर्न सक्नेछ ।

तर आयोगलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा निजलाई आयोगले माफी दिन वा सजाय तोकिसकेको भए सो सजाय माफ गर्न सक्नेछ ।

७. आयोगको विघटन:– (१) दफा ४ बमोजिम आयोगले प्रतिवेदन पेश गर्न कुनै खास अवधि तोकिएकोमा सो अवधि पूरा भएपछि वा प्रतिवेदन पेश भएपछि आयोग स्वत: विघटित भएको मानिनेछ ।

तर, अवधि नतोकिएकोमा आयोगले दफा ४ बमोजिम प्रतिवेदन पेश गरेपछि आयोग स्वत: विघटित भएको मानिनेछ ।

(२) दफा ४ बमोजिम अवधि तोकिएकोमा सो अवधिभित्र आयोगले प्रतिवेदन पेश गर्न नसकेकोमा सो गर्न नसकेको कारण उचित देखिएमा श्री ५ को सरकारले नेपाल राजपत्रमा आदेश प्रकाशित गरी आयोगको अवधि थप्न सक्नेछ ।

(३) कुनै कारणवश आयोगलाई विघटन गर्न उपयुक्त देखिएमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी विघटन गर्न सक्नेछ र त्यस्तो सूचना प्रकाशित भएको मितिमा आयोग विघटित भएको मानिनेछ ।

८. आयोगको कार्यविधि:– यो ऐन र यस ऐन अन्तर्गतका नियमहरूको अधीनमा रही आयोगले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

९. काम कारवाई बदर नहुने:– आयोगको कुनै सदस्यको स्थान रिक्त रहेको वा निज अनुपस्थित रहेको कारणले मात्र आयोगको काम कारवाई बदर भएको मानिने छैन ।

१५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. असल नियतले गरेकोमा बचाउः— यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको वा गर्न खोजिएको कुनै काम कारवाईको निमित्त श्री ५ को सरकार, आयोग, आयोगका कुनै सदस्य वा आयोगको निर्देशनमा काम गर्ने कुनै व्यक्तिको विरूद्ध कुनै मुद्दा वा कानूनी कारवाई चलाइने छैन ।

११. आयोगको सदस्य राष्ट्रसेवक मानिनेः— आयोगको प्रत्येक सदस्य र आयोगले नियुक्त गरेको वा काम गर्न अख्तियार दिएको प्रत्येक व्यक्ति भ्रष्टाचार निवारण ऐन, २०१७ को तात्पर्यको लागि मात्र राष्ट्र सेवक मानिनेछ ।

१२. नियम बनाउने अधिकारः— (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ र ती नियमहरू नेपाल राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी ती नियमहरूमा खासगरी देहायका कुराहरूको व्यवस्था गर्न सकिनेछः—

(क) आयोगका सदस्यहरूको सेवाको शर्त तोक्ने,

(ख) आयोगले यस ऐन अन्तर्गत गर्नुपर्ने जाँचबुझको सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि व्यवस्थित गर्ने, र

(ग) आयोगले प्रयोग गर्न पाउने अरू अधिकार तोक्ने ।

लालमोहर सदर मिति— २०२६।५।१६।५

आज्ञाले—
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको का. मु. सचिव ।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।